# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम(पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७५/०९/०९

पत्र संख्याः २०७५/०७६ (सू.अ.व्य.केन्द्र)

चलानी नम्बर ..................

## योजना सम्झौता गर्न आउने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०७५/०९/०९)

आठविसकोट नगरसभाबाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार आ.व. २०७५/०७६ को लागि स्वीकृत वडागत योजना/कार्यक्रमहरुको कार्यान्वयनको लागी तपसिलमा उल्लेखित कागजात तथा निर्णय सहित यही पौष मसान्तभित्र सम्झौताको लागी आउनुहुन सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ । सूचनामा उल्लेख भए अनुसार सम्झौता गर्न नआएमा उक्त योजना यस आर्थिक वर्षमा कार्यान्वयन नहुने र विनियोजीत रकम अन्य आवश्यक शीर्षकमा रकमान्तर/शीर्षकान्तर गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

१. सम्झौता गर्नुपर्ने योजना स्वीकृत वार्षिक कार्यक्रम भित्र समावेश भएको हुनु पर्नेछ । स्वीकृत वार्षिक कार्यक्रम बाहेकका योजनाहरु कार्यान्वयन गरिने छैन ।

२. कुनै रकम अवण्डा रुपमा विनियोजन गरिएको भए सम्बन्धीत वडाले सूचना प्रकाशन भएको सात दिनभित्र वडा समितिबाट स्पष्ट निर्णय गरी गराई योजनाको नाम, कार्यान्वयन हुने स्थान, विनियोजीत बजेट सहित पेश गर्नुपर्नेछ । तोकिएको अवधीभित्र पेश नगरिएमा नगरपालिका स्वयमले आवश्यकता अनुसार कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्नेछ ।(जस्तैः कुनै वडाले कृषि तर्फ रु. १० लाख भनी विनियोजन गरेको बजेट अवण्डा बजेट हो । उक्त रु.१० लाखलाई कार्यक्रम बनाई विनियोजन गर्नुपर्दछ । उदाहरणको लागी, वडा नं. १० भयाउनेमा किवी खेतिको लागी विरुवा खरिद वापत रु. १० लाख, ५००० विरुवा खरिद गर्ने भनी स्पष्ट रुपमा योजनाको नाम, लक्ष्य, कार्यक्रम हुने स्थान र बजेट रकम उल्लेख गर्ने) ।

३. वडा कार्यालयका प्रतिनिधि (वडाध्यक्ष वा वडा सदस्य वा वडा सचिव वा प्राविधिक) को रोहवरमा उपभोक्ता समिति आमभेलाबाट गठन गरी वा श्रम सहकारी, विषयगत सहकारी, क्लव, समूहजस्ता सम्बन्धीत आयोजना कार्यान्वयन हुने स्थानका लाभग्राही, समुदायमा रहेका सहकारी/सघसंस्था/समूह/क्लवलाई आमभेलाबाट अनुमोदन गराई आमभेलाको निर्णय सहित

प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम(पश्चिम )
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८

मितिः २०७५/०९/०९

पत्र संख्याः २०७५/०७६ (सू.अ.व्य.केन्द्र)

चलानी नम्बर ..................

देहायका कागजात संलग्न गरी सम्झौताको लागी नगरपालिकामा वडा कार्यालयले सिफारिस गर्नुपर्नेछ ।

क. ड्रइङ, डिजाइन, इस्टिमेट, नापी किताब र योजना खाता

ख. प्रत्येक पदाधिकारी एवम् अनुगमन समितिका सदस्यहरुले मालपोत, सम्पती कर तिरेको प्रमाणपत्रको प्रतिलिपी (आ.व. २०७५/०७६ सम्मको)

ग. प्रत्येक पदाधिकारीहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

घ. वडा कार्यालयको सिफारिसपत्र (सिफारिस शुल्क तिरेको रसिद सहित)

ङ. श्रम सहकारी, क्लव समूह भए नगरपालिकामा दर्ता भएको दर्ता प्रमाणपत्र, सोको नवीकरण, करचुक्ता प्रमाणपत्र, लेखा परिक्षण प्रतिवेदन लगायतका कागजातहरु

च. उपभोक्ता समितिको नाममा बैंक खाता खोल्नुपर्नेछ ।उपभोक्ता समितिको अध्यक्ष, कोषाध्यक्ष र सचिव राम्रोसँग लेखपढ गर्न जान्ने व्यक्तीहरुमध्येबाट हुनुपर्नेछ । वडा समितिका सदस्य, वहालवाला कर्मचारी वा राजनितिक दलको कार्यकारी समितिमा रहेका व्यक्तिहरु समितिमा रहन पाईने छैन ।

छ. श्रम सहकारी, विषयगत सहकारी, क्लव, समूहबाट कार्यान्वयन हुने योजना/कार्यक्रमको हकमा पनि उपभोक्ता समिति सरहका मापदण्ड र शर्त लागु हुने छन ।

ज. पौष मसान्तभित्र योजना सम्झौता गरिसक्नुपर्नेछ । अन्यथा उक्त योजना उक्त वडामा कार्यान्वयन गरिने छैन ।

थप जानकारीका लागि नगरपालिकाको वेबसाईट ***www.aathbiskotmun.gov.np*** एवम् सम्पर्क नं. ९७४१३८९९६१ र ९७४८५८३१३८ मा सम्पर्क गर्न सकिनेछ ।

राम बहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत